घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:२०७६/७७
चलानी नं. ९६३

२०७६।१२।२२

विषय: राहत सम्बन्धमा ।

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

तहाँ शाखाको च.नं. ४३९ मिति २०७६।१२।१९ को राहत सम्बन्धमा लेखिएको पत्र, पत्रसाथै संलग्न नेपाल सरकार, अर्थ मन्त्रालयबाट तयार भईआएको "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी नमूना मापदण्ड, २०७६" तथा अर्थ मन्त्रालयबाटै स्वीकृत "कोभिड १९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६" समेत प्राप्त भई बेहोरा अवगत भएकै छ । सोही सम्बन्धमा यस गाउँपालिकाले हालसम्म गरेका कार्यहरूको विवरण देहायमा उल्लेख गरी जानकारीको लागि तहाँ पठाइएको बेहोरा अनुरोध छ ।

देहाय:

१. यस गाउँपालिका क्षेत्रभित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ स्वीकृत भईसकेको छ । स्वीकृत मापदण्डको प्रतिलिपी यसैसाथ संलग्न छ ।
२. प्रत्येक वडामा सम्पर्क व्यक्ति तोकी निवेदन लिने तथा गुनासो संकलन गर्ने कार्य प्रारम्भ भईसकेको छ । सम्पर्क व्यक्ति तोकी पठाएको पत्रको प्रतिलिपी यसैसाथ संलग्न छ ।
३. राहत प्राप्त गर्ने व्यक्तिहरूको वडागत लगत संकलन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । पाँच वडाहरू मध्ये दुई वडाहरूबाट लाभग्राहीहरूको लगत प्राप्त भईसकेको छ । बाँकी वडाहरूबाट समेत आजै साँझ सम्ममा लगत प्राप्त हुनेगरी पत्राचार गरिसकिएको छ ।
४. राहत सामग्रीहरू खरिद गर्नको लागि उपलब्ध सबै व्यापारी तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखा कार्यालय, जोमसोमलाई समेत दररेट माग गरी पठाइएकोमा सबै पक्षबाट दररेट प्राप्त भइसकेको छ ।
५. राहत उपलब्ध गराउनको लागि कार्यपालिकाको ४४ औं आकस्मिक बैठकले कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गरी रु. पाँच लाख बजेट गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट सो कोषमा रकमान्तर गरेको छ । उक्त कोषको व्यवस्थापनका लागि

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७६/७७
चलानी नं.

नेपाल बैंक लिमिटेड, जोमसोम शाखामा छुट्टै घरपझोङ गाउँपालिका ७.२ विविध खाता खोली सोही खाताबाट खर्च व्यवस्थापन गर्ने प्रवन्ध मिलाईसकिएको छ ।

६. यस गाउँपालिका अन्तर्गतका घर भाडामा लगाउने घर धनीहरू मध्ये असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई घरभाडामा लगाउने घरधनीहरूले ती श्रमिकहरूबाट प्राप्त गर्ने घरवहाल रकममा चैत्र महिनाको घरभाडा मिनाहा गर्नको लागि अनुरोध गर्ने भनी कार्यपालिकाको बैठकले समेत निर्णय गरी वडा कार्यालयहरूलाई समन्वय गर्न लेखी पठाइएको छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

**<u>वोद्यार्थ</u>**
मानानीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय, गण्डकी प्रदेश, पोखरा ।
श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP), बबरमहल, काठमाण्डौं ।
श्री जिल्ला प्रशासन कार्यालय, मुस्ताङ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ ।

कार्यालय ठेगानाः घरपझोङ गाउँपालिका वडा नं. ४, जोमसोम, मुस्ताङ/ फोन नं. ०६९-४४००१६
Email: gharapjhongrmunicpality@gmail.com
website: https://gharapjhongmun.gov.np